# लोक सेवा आयोग

स्थानीय तह अन्तर्गत प्राविधिकतर्फ शिक्षा सेवा, शिक्षा प्रशासन समूह, छैठौं तह,
अधिकृत पदको प्रतियोगितात्मक लिखित परीक्षा
मिति :- २०७६।२।१८ गते, २.०० बजे,

समय :- ३ घण्टा पत्रः द्वितीय पूर्णाङ्क :- १००

विषयः- सेवा सम्बन्धी

निम्न प्रश्नहरूको उत्तर खण्ड (Section) अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ परीक्षामा मोवाइल वा यस्तै सञ्चार उपकरणहरू प्रयोग गर्न पाइने छैन ।

## खण्ड (Section) – A

1. नेपालको विद्यालय शिक्षामा निजीक्षेत्रको तुलनामा सार्वजनिक क्षेत्रको शिक्षक (मानव संसाधन) ले प्रशस्तै तालिम लिएका छन्, लगानी पनि यसमा प्रशस्त छ तर विद्यार्थीको नतिजा सार्वजनिक विद्यालयहरूको कमजोर पाइनुको कारण के होला? सुझाव दिनुहोस् । १०
2. नेपालमा विद्यालयस्तरीय पाठ्यक्रम र पाठ्यसामग्री विकासमा विभिन्न तह र निकायको भूमिकामाथि प्रकाश पार्नुहोस् । ५+५=१०
3. विद्यार्थीको नेतृत्व विकासमा विभिन्न तत्वहरूले भूमिका निर्वाह गरेका हुन्छन् । विद्यालय पनि एक प्रमुख तत्व हो । विद्यालयले विद्यार्थीको नेतृत्व विकासमा खेल्न सक्ने भूमिकालाई बुँदागतरूपमा प्रस्तुत गर्नुहोस् । १०

## खण्ड (Section) – B

4. शैक्षिक सुपरिवेक्षणको आवश्यकता र महत्वमाथि प्रकाश पार्दै विद्यालय विकासमा यसले पार्ने प्रभावको संक्षेपमा चर्चा गर्नुहोस् । २.५+२.५+५=१०
5. विद्यालय निरीक्षकका काम, कर्तव्य र अधिकार संक्षिप्तमा उल्लेख गरी यसले विद्यार्थी सिकाईमा खेल्न सक्ने भूमिका उदाहरणसहित व्याख्या गर्नुहोस् । ६+४=१०

## खण्ड (Section) – C

6. सेती परियोजनाको विवरणात्मक प्रस्तुति गर्दै यस परियोजनाले नेपालको विद्यालय सुपरिवेक्षणमा दिएको योगदानको उदाहरणसहित चर्चा गर्नुहोस् । ४+६=१०
7. निरीक्षण र सुपरिवेक्षणमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले स्थापित गरेका मान्यताको चर्चा गर्दै वर्तमान समयमा यिनको सान्दर्भिकताको समीक्षा गर्नुहोस् । ५+५=१०
8. नेपाल संघीय संरचनामा प्रवेश गरिसकेपछि विद्यालय शिक्षाको व्यवस्थापनमा स्थानीय तहको सरकारको बढी जिम्मेवारी छ । विद्यालय व्यवस्थापनमा पालिकाहरूको भूमिका र कर्तव्य उल्लेख गर्नुहोस् । १०

## खण्ड (Section) – D

9. शैक्षिक योजनाको आवश्यकता र योजना निर्माणका सिद्धान्त उल्लेख गरी शिक्षा योजनाका प्रकारबारे प्रष्ट पार्नुहोस् । ३+३+४=१०
10. नेपालको विद्यालय व्यवस्थापनमा अनुगमन र मूल्याङ्कनको प्रयोग गर्दा देखापरेका समस्याहरू के के छन्? समाधानसहित उत्तर दिनुहोस् । १०

««« समाप्त »»»